# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०२।०२ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप पत्र दायर गरिएको।**

जिल्ला खेलकुद विकास समिति दार्चुलाले कभर्डहल निर्माणमा प्राप्त रकम अनियमित रुपमा खर्च गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा जिल्ला खेलकुद बिकास समिती, दार्चुलाको कभर्डहल निर्माणको लागी राष्ट्रिय खेलकुद परिषद त्रिपुरेश्वर काठमाण्डौबाट आ.ब २०६७/०६८ देखि आ.ब.२०६९/०७० सम्ममा निकाशा भएको रकम दार्चुला जिल्ला खेलकुद बिकास समितिका तत्कालिन अध्यक्ष एवं कभर्डहल निर्माण समितिका तत्कालिन संयोजक तथा सदस्यहरु समेतको मिलेमतोमा उक्त कभर्डहल निर्माणमा नभएको/नगरेको कामलाई भए गरेको हो भनि झुठ्ठा बिल भरपाई र श्रेस्ताहरु तयार गरि भुक्तानिका लागी बिल भरपाई र श्रेस्ता पेश गरी गराई रकमहरु भुक्तानि लिने दिने काम गरी आफुहरुलाई गैरकानुनी लाभ पुर्याउने र राष्ट्रिय खेलकुद परिषदलाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले काम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को (ङ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएको साथै जिल्ला प्राबिधिक कार्यालय दार्चुलाका ईन्जिनियरहरुले कभर्डहल निर्माण कार्यको जाँचबुझ र नापजाच नै नगरी बदनियतपुर्वक भए गरेका कामकुराहरु लुकाई छिपाई र नभएका कामकुराहरु देखाई कार्य सम्पन्न झुठ्ठा प्रतिबेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ बमोजिम कसुर गरेको पुष्टी हुन आएको हुँदा उक्त कार्यमा संम्लग्न तपसिलमा उल्लेखित निम्न ९ जना ब्यक्तिहरु उपर कसुरको मात्रा अनुसार कैद सजाय र बिगो बमोजिम जरिवाना हुन मागदावी लिई आज बिशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

| सि.नं. | नाम थर | पद | बिगो | ऐन |
|---|---|---|---|---|
| १ | मंजु बम | तत्कालिन संयोजक | रु. १०,६५,९७३।९० | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| २ | कल्याण सिंह धामी | तत्कालिन संयोजक | रु.३,२३,३१२।९० | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) |
| ३ | भुपेन्द्रराज अवस्थी | तत्कालिन सदस्य | रु. ५,७२,८१२।९० | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) |
| ४ | मान सिंह बि.क. | तत्कालिन सदस्य | रु.३,२३,३१२।९० | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) |
| ५ | श्यामराज अवस्थी | तत्कालिन सदस्य | रु. ८,४२,६६१।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) |
| ६ | दान सिंह निरौला | तत्कालिन सदस्य | रु. ३,५०,०००।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) |
| ७ | हरिश चन्द्र भट्ट | तत्कालिन सदस्य | रु.६,४२,६६१।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) |
| ८ | शेखर चन्द्र बढु | ईन्जिनियर | - | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९(२) |
| ९ | मदन राज जोशी | ईन्जिनियर | - | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९(२) |

FIGHT AGAINST CORRUPTION

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता